कांग्रेस १५ औं महाधिवेशन

पेसागत विज्ञ समूहबाट डा. मिश्रको उम्मेदवारी

■ अग्नी संवाददाता

अतरिया, १९ असोज- नेपाली कांग्रेसको १५ औं महाधिवेशनका लागि नजजात शिशु तथा बालरोग विशेषज्ञ डा. प्रदीप मिश्रले पेसागत विषय विज्ञ समूहबाट केन्द्रीय महाधिवेशन प्रतिनिधि पदमा उम्मेदवारी घोषणा गरेका छन्।



अग्रपङ्क्तिका रहेर लामो समयदेखि स्वास्थ्य क्षेत्रमा पुऱ्याउँदै आएको उत्कृष्ट सेवा, उच्च पेसागत अनुभव र दृढ राजनीतिक प्रतिबद्धताका साथ पार्टीको नीति निर्माण तहमा प्रभावकारी योगदान दिने सङ्कल्पसहित उनी चुनावी प्रतिस्पर्धामा उतिएका हुन्।

डा. मिश्रको राजनीतिक यात्रा निकै लामो छ। उनका पिता बालकृष्ण मिश्र नेपाली कांग्रेसका निष्ठावान् नेतृत्वमध्ये र जनयुद्धी नेतृत्वका साथै तत्कालीन जिल्ला विकास समितिका पूर्वसभापति हुन्। पिताको राजनीतिक अभिप्रेरणाका कारण छात्रावस्थादेखि नै धरना तथा गोष्ठी सेवा, विद्यार्थीय कार्यक्रम र पीडित व्यक्तिहरूको बिरामार जमघट हुन्थ्यो।

यसै लोकतान्त्रिक वातावरणमा हुर्किएका डा. मिश्रमा साथै उमेरदेखि नै गहिरो राजनीतिक चेतना, विपरी कोइरालाको प्रजातान्त्रिक समाजवाद र लोकतान्त्रिक मूल्य मान्यताप्रति अगाध आस्था निर्माण भयो। उनले आफ्नो विद्यार्थी जीवनदेखि नै नेपाल विद्यार्थी सघ (नेविसघ) को आन्दोलनि रहर लोकतन्त्र र विद्यार्थी हकहितका पक्षमा विगतर आवाज उठाएका थिए। सन् २०७४ मा प्रतिष्ठित काठमाडौं मेडिकल कलेजबाट एमबिबिएस गरेका डा. मिश्रले सन् २०१५ देखि आफ्नो गृह नगर अतरियामा नवजात शिशु तथा बालरोग विशेषज्ञका रूपमा सेवा प्रारम्भ गरे। दैनिक रूपमा सयौं विरामीहरूको उपचार गर्ने क्रममा उनले सुदूरपश्चिमका ग्रामीण तथा विपन्न समुदायका नागरिकहरूले भोगुपुरेको समस्या र जटिल स्वास्थ्य समस्याहरूलाई नजिकबाट नियाल्ने अवसर पाए।

नेपालको विद्यमान स्वास्थ्य प्रणालीमा सहज र सुलभ उपचारको सबैभन्दा ठूलो अभाव रहेको उनको ठहर छ। पहाडी तथा दुर्गम क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच अझै पनि धेरै नागरिकका लागि चुनौतीपूर्ण रहेको उनको दृढ धारणा हो। विशेषगरी आर्थिक अभावका कारण धेरै बिरामीलाई आर्थिक सहयोग गर्दै आएका डा. मिश्रले क्रेकेज व्यक्तिगत सहयोगले समाजको ठूलो समस्या समाधान हुन नसक्ने, त्यसका लागि नीतिगत तहमै आमूल परिवर्तन ल्याउनु अनिवार्य रहेको महसुस गरे। राजनीति नै सबै नीतिको मूल नीति हो। स्वास्थ्य र सामाजिक नीतिको पुनर्निर्माण राजनीतिक तहबाटै हुन सके धेरैले विश्वास हो। त्यसैले म नीतिगत रूपमै जनताको पक्षमा काम गर्नुपर्छ भन्ने उद्देश्यका साथ कांग्रेसको केन्द्रीय सदस्यको प्रतिस्पर्धामा छु। त्यहां रहेर मैले विपन्न विद्रोहका लागि काम गर्ने छु। पार्टीलाई स्वास्थ्य क्षेत्रका समस्या समाधानका लागि सुझाव दिने छु। सरकारलाई ती योजना कार्यान्वयनका लागि पार्टीबाटै दबाब दिन आवाज गर्ने छु, उनीहरूको घोषणा गर्दै विश्वमे भने। आफ्नो पेसागत पृष्ठभूमि डा. मिश्र एक कुशल सडक र नेतृत्वकर्ताका रूपमा स्थापित रहेका छन्। उनले नेपाल चिकित्सक सघ, सुदूरपश्चिम शाखाको पूर्वसभापति र पूर्वमध्यवधिका रूपमा सफलतापूर्वक जिम्मेवारी सम्पादनसमेत गरेका छन्। यसैगरी, उनी प्रजातान्त्रिक चिकित्सक सघ सुदूरपश्चिम प्रदेशको सयोजकका रूपमा लोकतान्त्रिक मेसाकोशिहरूलाई एकताबद्ध बनाउन निरन्तर क्रियाशील रही आएका छन्। मिश्रले सुदूरपश्चिम प्रदेश सरकारका पूर्वमाननीय विकास मन्त्री गोविन्द पोखरेलको विज्ञ सल्लाहकार भएरसमेत काम गरिसकेका छन्।

उनले स्वास्थ्य क्षेत्रको लामो अनुभव र विषयगत विशेषज्ञताबाट पहिलो पीढि, योजना र निर्णय प्रक्रियामा व्यावहारिक अनुभव समावेश गराउने प्रतिबद्धतासमेत व्यक्त गरेका छन्।

उनको मुख्य प्राथमिकता नेपालका हरेक विपन्न र पहुँचविहीन नागरिकले सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पाउने सवैधानिक अधिकारको सम्मानीका लागि रहिसुद स्वास्थ्य नीतिमा व्यापक सुधार ल्याउनु रहेको छ। यसका साथै, डा. मिश्रले पूर्वाधारी, चिकित्सक, इन्जिनियर र अन्य पेसागत समूहका आवाजहरूलाई पार्टीको मूलधारमा जोड्दै लोकतान्त्रिक मूल्य मान्यताका आधारमा पार्टीलाई अग्रपाठ बनाउन र आधुनिक बनाउने महेट अभियान लिएका छन्। उनले सम्पूर्ण सहयोगी साथ प्रतिनिधिहरूलाई अमूल्य मतदान गरेर विजयी गराउन आग्रहसमेत गरेका छन्।

बैतडीका १४ ठाउंमा यात्रु सहायता कक्ष स्थापना

■ अग्नी संवाददाता

बैतडी, १९ असोज- बैतडीमा दसैतिहारलाई लक्षित गरी १४ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरिएको छ। जिल्लाकी सीडओफाली, देशैमाण्डौ मालबाँस, पाटन, खोदपे, पुचौडी, बैलौरी, सोकलेश्वर, रौलेश्वर, गोजरी लगायतका विभिन्न स्थानमा यात्रु सहायता कक्ष स्थापना गरिएको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रवक्ता, प्रहरी निरीक्षक सुरज सिंहले जानकारी दिए।

यात्रुपर्वका लेना यात्रु तथा सर्वसाधारणलाई आवश्यक जानकारी उपलब्ध गराउने, सन्तानसमस्या पुग्न सहजीकरण गर्ने, यात्राका क्रममा यात्रुले सामना गर्न सक्ने समस्याको सूचना सङ्कलन गर्ने र आवश्यक अवस्थामा तत्काल प्रहरी सहायता उपलब्ध गराउने उद्देश्यले यात्रु सहायता कक्ष सञ्चालनमा ल्याइएको प्रहरी निरीक्षक सिंहले बताए। यसले, सार्वजनिक स्थानमा हुन सक्ने चोरी, ठगी, मौजमस्ती तथा अन्य आपराधिक गतिविधिबाट सर्वसाधारणलाई सुरक्षित राख आवश्यक समन्वय र सहजीकरणका लागि यात्रु सहायता कक्षसहित काम हुने प्रहरीले जनाएको छ। यात्रुपर्वका लेना हुने सबारी चाप तथा यात्रुको भीडलाई व्यवस्थापन गर्दै यातायतलाई सहज र सुरक्षित बाना गराउन सहायता कक्ष प्रभावकारी हुने प्रहरीको अपेक्षा छ।

यात्रुपर्वको समयमा सबारी साधनमा अस्वाभाविक बढी यात्रु चोकने, चढी आड्ा अचुल्ने लगायतका गलत प्रवृत्ति हावी हुन सक्ने भएकाले त्यस्ता क्रियाकलापप्रति सेक्त यात्रु सहायता कक्षबाट काम हुने प्रहरी निरीक्षक सिंहले जानकारी दिए।

सेती अस्पतालकी स्टाफ नर्स सुशिला विकको निधन

■ अग्नी संवाददाता

अतरिया, १९ असोज- सेती प्रादेशिक अस्पताल धनगढीमा कार्यरत स्टाफ नर्स सुशिला विकको अकस्मात निधन भएको छ। कञ्चनपुरको कृष्णपुर नगरपालिका-४ घर भएकी सुशिलाको आईतबार अकस्मात निधन भएको हो।

२८ वर्षीया विकको आइतबार अपराह्न रक्तचापका कारण निधन भएको अस्पतालले जनाएको छ। विक उपचारका लागि सेती प्रादेशिक अस्पतालमा भर्ना भएकी थिइन्। मुटुघाता लिनुपर्ने जस्तो देखिने लक्षण एउटा शिशु मृत अवस्थामा जन्मिएको र अर्को शिशु जीवित जन्मिएको उनका आफ्नो अमुरा दीपक बढाने जानकारी दिए। शिशु जन्मिसकेपछि अपराह्न रक्तचापका कारण विकको निधन भएको बताइने बताए।

विक २०७८ जेठ ९ गतेदेखि सेती अञ्चलमा सेवा प्रदान कार्यक्रमअन्तर्गत सेती प्रादेशिक अस्पतालमा कार्यरत थिइन्। विकको निधनपछि सेती प्रादेशिक अस्पतालले समेत शोक वक्तव्य जारी गरेको छ। अस्पतालले दिवगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिकता पनि व्यक्त गरेको छ। अस्पतालले विकको निधनमा शोक व्यक्त गर्दै सबै चिकित्सक, कर्मचारी र आफन्तजनप्रति समवेदना व्यक्त गरेको छ।

नवज्योति.....

सेवाग्राही विद्यालय विकासमा स्थानीय सरकार, शिक्षक, अभिभावक र समुदायबीचको सहकार्य आवश्यक रहेको बताइन्। विद्यार्थीलाई समयअनुकूल शिक्षा प्रदान गर्न भौतिक पूर्वाधारसँगै प्रविधि र प्रयोगात्मक अभ्यासमा पनि जोड दिनुपर्ने उनको भनाइ थियो।

वडा नं. ३ का अध्यक्ष तेजराज अवस्थीले विद्यालयको आवश्यकता र विद्यार्थीको विकाइ बाधकरुप सुधारका लागि बढाबाट आवश्यक समन्वय र सहयोग जारी रहने बताए। विद्यालयको विकासमाइ समुदायको विकासमाग जोडेर अघि बढाउनुपर्नेमा उनले जोड दिए। त्यसै शिक्षा साझा प्रमुख हरिस पनले सबै पूर्वाधारसँगै विद्यालयमा गैरिक गुणस्तर अभिवृद्धिमा विशेष ध्यान दिनुपर्ने बताए। पूर्वाधारसहित र स्थाई जोड्जस्ता प्रविधिको प्रभावकारी प्रयोगले विद्यार्थीको विकाइलाई थप व्यवहारिक र परिणाममुखी बनाउन सहयोग पुग्ने उनको भनाइ थियो।

विद्यालयले नयाँ भवन, विज्ञान प्रयोगशाला र प्रविधिमैत्री शिक्षण पद्धतिलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै विद्यार्थीको सर्वाङ्गीण गैरिक विकासमा केन्द्रित हुने जनाएको छ।

Government of Sudurpaschim Province

Ministry of Social Development

District Hospital Baitadi

Dasharthchand Municipility 4, Baitadi

Invitation for Sealed Quotation

Date of first Publication: 2083-06-20

Invitation for Sealed Quotation for the"procurement of Procurement, Supply and Delivery of Health insurance Medicine for Baitadi Hospital Pharmacy.

1. The District Hospital Baitadi invites sealed quotations from registered Suppliers for Procurement, Supply and Delivery of Health Insurance Medicine for Baitadi Hospital Pharmacy.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of District Hospital Baitadi, Dasharthchand Municipility 4 Baitadi, telephone no : 095520151 and 9848778531 of the Purchaser.
3. A complete set of Bidding Documents may be purchased from the office District Hospital Baitadi, Dasharthchand Municipility 4 Baitadi and the office [office District Hospital Baitadi, Dasharthchand Municipility 4 Baitadi by eligible Bidders on the submission"of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till 2083-06-26 during office hours in the following account:"Name of the Bank . Rastriya banijya bank baitadi Name of Office District Hospital Baitadi"Office Code no. : 3500274027 Office Account no.1000100200010000 Rajaswa (revenue) Shirshak no.14229.
4. Sealed bids must be submitted to the office District Hospital Baitadi ,Dasharthchand Municipility 04 Baitadi by hand, Curier, Postal service etc. on or before 2083-06-27 at 12:00 PM. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2083-06-27 at 14:00 the Office of District Hospital Baitadi Dasharthchand Municipility 04 Baitadi. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 1,40,000/- (2 to 3 % of estimated amount without VAT and Contingencies but including PS)], which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [insert the date]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 4050100202030000 at ko.le.ni.ka Baitadi Rastriy Banijya Bank and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever."
8. Only hard copy must be allowed to submit SQ .

जनहितमा जारी सन्देश

१) सहभागितामूलक, समावेशी तथा साझेदारीपूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त कार्यशैली हाम्रो अभियान।

२) जेष्ठ नागरिक, एकल महिला, अपाग र अशक्त नागरिकप्रति जिम्मेवारी बनौं।

३) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद बसाइसराई) सम्बन्धि बडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। आफ्नो वरिपरी गाउँ/टोल वा अन्य निकायबाट भएको विकास निर्माण सम्पन्न गर्ने कार्यको निगरानी गरौं।

४) आफ्नो घर वरपर बोट बिरुवा रोपी हरियाली बनाऔं। निर्धारित मापदण्ड भए नभएको अनुगमन गरी मापदण्ड विपरित भएको पाइएमा समयमै सम्बन्धित निकायमा खबर गरौं।

६) बालश्रम, बल शोषण, बाल विवाह रोकौं।

कृष्णपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गुलरिया, कञ्चनपुर